सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी  नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

**आर्थिक बर्ष २०८२/८३ को प्रथम त्रैमासिक विवरण (श्रावण, भाद्र र आश्विन) महिनामा सम्पादित मुख्य-मुख्य क्रियाकलापहरुको  विवरण**

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
**जिल्ला समन्वय समितिको कार्यालय**
मोरङ, विराटनगर

# स्वतः प्रकाशन (Proactive Disclosure)

नेपालको संविधानको धारा २७ मा रहेको सार्वजनिक निकायमा रहेको सूचना माग्ने र पाउने नागरिकको सूचनाको हकको भावना बमोजिम सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण प्रत्येक ३/३ महिनामा प्रकाशित गर्नुपर्ने कानूनी व्यवस्था छ ।

यसका लागि ऐन र नियमावलीमा गरी २० वटा मुख्य शीर्षक/विषयक्षेत्र तोकिएका छन् । सूचनाको हकसम्बन्धी कानूनको मूल ध्येय नै नागरिकको सुसूचित हुने हक प्रत्याभूत र अभिवृद्धि गर्नु रहेको छ । तद्अनुरुप आफ्नो निकायको पारदर्शिता, जवाफदेहिता, विश्वसनियता, जनसहभागिताको लागि नियमित रुपमा क्रियाकलापहरुको विवरण प्रकाशित (Proactive Disclosure) गर्ने क्रममा जिल्ला समन्वय समिति तथा समितिको कार्यालय, मोरङ्गले आ.व. २०८२/८३ को प्रथम त्रैमासिक (श्रावण, भाद्र र आश्विन महिनामा) सम्पादित क्रियाकलापहरुको मुख्य-मुख्य विवरण प्रस्तुत गरिएको छ ।

जिल्ला समन्वय समितिको कार्यालय, मोरङ
२०८२ साल कार्तिक ९ गते

नेपाल सरकार
जिल्ला समन्वय समितिको कार्यालय
मोरङ, विराटनगर
कोशी प्रदेश, नेपाल

विषयसूची


१. जिल्ला समन्वय समिति, मोरङको स्वरुप र प्रकृति ........ ४
२. जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार ........ ४
३.जिल्ला समन्वय समिति मोरङको दरबन्दी संरचना र हाल कार्यरत कर्मचारीहरुको विवरण : ........ ८
४. जिल्ला समन्वय समितिको कार्यालयबाट प्रदान गरिने सेवाः ........ १०
५. सेवा प्रदान गर्ने जिम्मेवार शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुखको विवरण ........ १०
६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः ........ ११
७. निर्णय गर्ने प्रक्रिया र अधिकारीः ........ ११
८) निर्णय उपर उजुरी सुन्ने अधिकारी ........ ११
९. सम्पादन गरिएका कामको विवरण (२०८२ श्रावण देखि आश्विन मसान्तसम्म) ........ ११
१) अनुगमन मूल्यांकन ........ ११
२) जिल्ला सभाको छैटौं बैठकः- ........ १३
३) स्थानीय तहहरुको वार्षिक समीक्षा तथा असल अभ्यास आदान प्रदान ........ १७
४) २०८२ भाद्र २३ र २४ को घटनामा भएको क्षतिको विवरणः- ........ १८
१० . जिल्ला समन्वय समितिको बैठक ........ २२
११. सूचना अधिकारी र प्रमुखको नाम, पद र सम्पर्क नं. ........ २३
१२. ऐन, नियम, विनियम वा निर्देशिकाहरुको सूची ........ २३
१३. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी विवरण ........ २४
१४. कार्यालयको वेभसाईट, ईमेल ठेगाना तथा सामाजिक सञ्जालः ........ २४
१५. जिल्ला समन्वय समिति मोरङले संचालन गरेको कार्यक्रम र सोको प्रतिवेदन : ........ २५
१६. जिल्ला समन्वय समिति, मोरङले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली: ........ २५
१७. जिल्ला समन्वय समिति, मोरङमा परेका सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको विषयः ........ २५
१८. जिल्ला समन्वय समिति, मोरङका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भए सोको विवरण: ........ २५
जिल्ला समन्वय समिति मोरङ्गका पदाधिकारीज्यूहरुको सम्पर्क नम्बर सहितको विवरण ........ २६

### १. जिल्ला समन्वय समिति, मोरङको स्वरुप र प्रकृति

नेपालको संविधानको धारा २२० अनुसार जिल्ला समन्वय समितिको कार्यालय निर्वाचित जनप्रतिनिधिहरूले नेतृत्व गर्ने कार्यालय हो । जिल्ला समन्वय समितिका जिल्ला सभाका सदस्यहरुले निर्वाचित गरेका ६ देखि ९ जनाको संख्यामा पदाधिकारीहरु रहने व्यवस्था छ । जिल्ला भित्रका नगरपालिकाका प्रमुख र उपप्रमुख तथा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षहरु जिल्ला सभाका सदस्य रहन्छन् । जिल्ला सभाको तर्फबाट गर्नुपर्ने सम्पूर्ण काम जिल्ला समन्वय समितिले गर्ने संवैधानिक व्यवस्था रहेको छ । मोरङ जिल्लाको समन्वय समितिमा प्रमुख, उपप्रमुख र ७ जना सदस्य गरी जम्मा ९ जना पदाधिकारी रहनु भएको छ ।

मोरङ जिल्ला समन्वय समितिको बैठक प्रत्येक महिना कम्तिमा १ पटक नियमित रुपमा बस्ने गरेको छ भने आवश्यकता अनुसार बैठक बस्ने गरेको छ। संघीय सरकारबाट प्राप्त निर्देशन र जिल्ला समन्वय समितिले गर्ने निर्णयहरुको कार्यान्वयन तथा दैनिक प्रशासन संचालनको लागि जिल्ला समन्वय अधिकारी (रा.प.द्वितीय.श्रेणी) को नेतृत्वमा निजामती, सेवा करार तथा विविध सेवाका कर्मचारीहरु कार्यरत रहेका छन्। नेपालको संविधानको साथै स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९२ मा जिल्ला समन्वय समितिले गर्ने कार्यको कानूनी व्यवस्था रहेको छ ।

## २. जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार

देहाय बमोजिमका कार्यहरु यसको कार्यक्षेत्र भित्र पर्दछन् ।

(१) <u>संवैधानिक व्यवस्था</u>

<u>नेपालको संविधानको धारा २२० अनुसारका कार्यहरुः-</u>

- जिल्ला भित्रका नगरपालिका र गाँउपालिकाबीच समन्वय गर्ने,
- विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्ने र सोको अनुगमन गर्ने,
- जिल्लामा रहने संघीय र प्रदेश कार्यालय र स्थानीय तहहरुबीच समन्वय गर्ने,
- संघीय तथा प्रदेश कानून बमोजिमका अन्य कार्यहरु गर्ने ।

(२) <u>कानूनी व्यवस्था</u>

(क) <u>स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम जिल्ला समन्वय समितिले गर्नुपर्ने कार्यहरु निम्नानुसार रहेका छनः-</u>

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९२ मा जिल्ला सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने उल्लेख रहेको छ।

(१) जिल्लाभित्रका गाउँपालिका वा नगरपालिकाको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने,

(२) जिल्लाभित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धि कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव या मार्गदर्शनलाई सार्वजनिक गर्ने,

(३) जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा संघसँग समन्वय गर्ने,

(४) जिल्लामा रहने सङ्घीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकाबीच समन्वय गर्ने,

(५) जिल्लाभित्रका गाउँपालिका र नगरपालिकबीच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने,

(६) जिल्लाभित्रका प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने,

(७) जिल्लाभित्रका विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी सङ्घ,संस्था तथा निजी क्षेत्रसंग समन्वय गर्ने,

(८) जिल्लाभित्रका विकास तथा निर्माण सम्बन्धि कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि मन्त्रालय, स्थानीय तहसम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धित गाउँपालिका तथा नगरपलिकालाई समेत सुझाव दिने,

(९) आफ्नो काम कारबाहीको सम्बन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन दिने,

(१०) जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तिमा एक पटक वार्षिक समिक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट संघीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने सांसद सदस्यलाई आमन्त्रण गरी सुझाव लिने ।

**<u>कोशी प्रदेश, जिल्ला सभा ऐन, २०७५ को दफा ३ बमोजिम काम, कर्तव्य अधिकार देहाय बमोजिम रहेको छः-</u>**

जिल्ला सभाको काम, कर्तव्य र अधिकारः नेपालको संविधानको धारा २२० उपधारा (७) का अतिरिक्त जिल्ला सभाको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

**क. <u>विकास कार्यमा समन्वय</u>**

(१) जिल्लाको समग्र विकाससम्बन्धी जिल्लास्तरीय नीति र मापदण्ड तर्जुमा गरी गाउँ/नगरपालिका मार्फत् कार्यान्वयन गर्न सहजीकरण गर्ने,

(२) जिल्लाको गौरव तथा दुई वा सोभन्दा बढी गाउँपालिका तथा नगरपालिकाबीचका रणनीतिक महत्त्वका आर्थिक, सामाजिक, पर्यटन, तथा बातावरणीय सुधार र सुशासन क्षेत्रका आयोजना एवम् परियोजनाहरुको पहिचान गर्ने, लगानीको रणनीतिक योजना तर्जुम गर्ने र नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिका र नगरपालिका गैर सरकारी संघ संस्था तथा निजी क्षेत्रबीच समन्वय गर्ने,

(३) जिल्लाभित्रका दुई वा सोभन्दा बढी गाउँपालिका तथा नगरपालिकाबीचका रणनीतिक महत्वका आयोजना तथा परियोजनाको पहिचान गरी सोको कार्यान्वयनमा सहजीकरण तथा समन्वय गर्ने,

(४) संघीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकाबीच तथा जिल्लामा कार्यरत गैर सरकारी एवम् सामुदायिक संघसंस्था, जिल्लास्तरीय सञ्जालहरुबीच एकिकृत योजना प्रकृया, साझा कार्यप्रणाली तथा प्रभावकारी कार्यसम्पादनका लागि आवश्यक समन्वय गर्ने,

(५) जिल्लाभित्रको प्राकृतिक श्रोत साधनको दिगो उपयोग, बातावरणीय तथा पर्यावरणीय प्रभाव मूल्यांकन, प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी अध्ययन, अनुसन्धान गर्ने र अन्तर गाउँपालिका नगरपालिकाबीचका त्यस्ता योजना र कार्यक्रमको सञ्चालन तथा व्यवस्थापन गर्न समन्वय गर्ने,

(६) जिल्लाभित्रको विकास तथा निर्माणसम्बन्धी कार्यमा स्थलगत समुदायगत, विषयगत क्षेत्रगत र पर्यावरणीय सन्तुलन तथा प्रतिफल प्राप्त भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान एवम् अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिका तथा नगरपालिका र सरोकारवाला निकायहरुलाई सुझाव दिने,

(७) जिल्लाको समग्र विकासका लागि विभिन्न विषयमा सरोकारवालाहरुसँग समन्वय गर्ने,

(८) जिल्ला भित्रका विकास तथा निर्माण कार्यमा सन्तुलन कायम गर्ने र अनुगमनबाट प्राप्त निष्कर्षका बारेमा सम्बन्धित कार्यालयमा लेखी पठाउने,

(९) जिल्लाभित्र सञ्चालित संघीय र प्रदेशस्तरीय आयोजना तथा परियोजनाको कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग गर्ने,

(१०) जिल्लास्तरीय अन्तर गाउँपालिका तथा नगरपालिका खेलकूद प्रतियोगिता, कला, शैक्षिक प्रदर्शनी, कृषि प्रदर्शनीको आयोजना गरी उत्तम अभ्यासको प्रवर्द्धन तथा अन्तर गाउँपालिका तथा नगरपालिकाबीच विकासमा सकारात्मक ढंगले प्रोत्साहित गर्ने,

(११) आफ्नो काम कारवाहीको सम्बन्धमा मन्त्रालय र स्थानीय तहसम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको पैंतालीस दिन भित्र प्रतिवेदन पेश गर्ने ।

**ख. <u>अनुगमन कार्य</u>**

(१) विद्युतीय प्रणालीमा जिल्ला अनुगमन विश्लेषण प्रणालीको स्थापना संचालन गर्ने,

(२) जिल्लाभित्रका नेपाल सरकार तथा प्रदेश सरकारका विषयगत कार्यालयहरुबाट भइरहेका चालू योजना र कार्यक्रमहरु गाउँपालिका तथा नगरपालिकासँगको समन्वयमा भए नभएको, दिगो विकास लक्ष्य प्राप्तिमा योगदान भए/नभएको तथा सेवाको गुणस्तर, परिणाम र समय कायम भए/नभएको विषयमा अनुगमन गरी नेपाल सरकार तथा प्रदेश सरकारमा सुझाव तथा प्रतिवेदन पेश गर्ने,

(३) गाउँपालिका र नगरपालिकाको देहायको विषयमा अनुगमन तथा कार्यसम्पादन मापन गरी आवश्यक परिपालना गर्न सुझाव दिने: -

(क) गाउँपालिका र नगरपालिकाबाट संवैधानिक तथा कानूनी परिपालनाको विषय,
(ख) वित्तीय व्यवस्थापन तथा प्रभावकारिताको विषय,
(ग) सुशासन प्रवर्द्धनको विषय,
(घ) पदाधिकारीबीचको सुमधुर अन्तरसम्बन्धको विषय ।

(४) कानूनबमोजिम गाउँसभा, नगरसभा संचालन भए/नभएको अध्ययन गर्ने र नभएको भए तत्काल कानून बमोजिम गर्न सुझाव दिने,

(५) जिल्लाभित्र राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघसंस्था, विषयगत, क्षेत्रगत सञ्जालबाट सञ्चालन भइरहेको चालू योजना र कार्यक्रमहरुमा स्थानगत, विषयगत क्षेत्रगत लगायतको सन्तुलन भए/नभएको तथा कार्यक्रमको प्रभावकारिता र व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गरी आवश्यक सुझाव दिने ।

नेपाल सरकार
जिल्ला समन्वय समितिको कार्यालय
मोरङ, विराटनगर
कोशी प्रदेश, नेपाल

**ग. <u>सूचना, तथ्यांङ्क तथा अभिलेख व्यवस्थापन कार्य</u>**

(१) जिल्ला सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन गर्ने

(२) नवीनतम् सूचना प्रविधिको प्रयोग गरी जिल्ला तहको जनसांख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कूल गार्हस्थ उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास तथा लैंगिक सशक्तीकरण सूचकाङ्क, राजश्व तथा आयव्यय समेतको तथ्यांक सङ्कलन र प्रशोधन गरी नवीनतम् प्रविधियुक्त र राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा अद्यावधिक गर्ने र जिल्ला पार्श्वचित्र, जिल्लाको श्रोत नक्सा, भौगोलिक सूचना प्रणालीको अद्यावधिक गरी अभिलेख राख्ने,,

३) जिल्लाभरिको सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसायको विवरण सहितको तथ्याङ्क संकलन गरी अद्यावधिक अभिलेख राख्ने,

(४) जिल्लाभित्र सम्पन्न भएका तथा सञ्चालित चालु विकास आयोजना तथा परियोजनाको लगत राखे,

(५) जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाले तर्जुमा गरेका कानूनहरुको अभिलेखीकरण गर्ने,

(६) जिल्लास्तरीय अन्य आवश्यक तथ्यांक तथा सूचनाको संकलन तथा अभिलेखन गर्ने ।

**घ. <u>क्षमता विकास कार्य</u>**

(१) गाउँपालिका तथा नगरपालिकाको आवश्यकता माग बमोजिमका विषयगत क्षेत्रमा क्षमता विकास योजना तर्जुमा गरी त्यस्तो कार्यमा सहयोग र समन्वय गर्ने,

(२) जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा संघसँग समन्वय गर्ने,

(३) गाउँपालिका तथा नगरपालिकामा दिगो विकासका लक्ष्यसँग सम्बन्धित सूचना, शिक्षा र क्षमता विकास गतिविधि संचालन गर्न आवश्यक कार्य गर्ने,

(४) जिल्लाको विशिष्ठता अनुसार गाउँपालिका तथा नगरपालिकाबाट अभियानात्मक विकास गतिविधि सञ्चालन गर्न आवश्यक ज्ञान, सीप अभिवृद्धि कार्यक्रम संचालन गर्न आवश्यक कार्य गर्ने,

(५) राजस्वका क्षेत्र पहिचान तथा सम्भाव्यता अध्ययन गरी श्रोतको उच्चतम परिचालनका लागि गाउँपालिका नगरपालिकालाई तालिम, अभिमुखीकरण प्रदान गर्ने एवम् आवश्यक सहयोग गर्ने,

(६) जिल्लास्तरीय विभिन्न सञ्जालहरुको संस्थागत क्षमता विकास सम्बन्धी कार्य गर्ने ।

**ङ. <u>व्यवस्थापन कार्य</u>**

जिल्लाभित्रका दुई वा सोभन्दा बढी गाउँपालिका तथा नगरपालिकाले आफ्नो कार्य सञ्चालन गर्दा लागत न्यूनीकरण, श्रोत साधनको अधिकतम उपयोग क प्रभावकारी सेवा प्रवाह सुनिश्चित गर्न देहायका कार्यहरु जिल्ला सभामार्फत् साझेदारी, सम्झौता वा संयुक्त व्यस्थापनमा गर्न सक्नेछ :-

(क) जिल्लास्तरीय यातायातको सञ्चालन तथा व्यवस्थापन नीति तथा मापदण्ड तर्जुमा र अनुगमन,

(ख) आधारभूत तथा माध्यामिक तहको प्राविधिक शिक्षाको सञ्चालन, प्रवर्द्धन र विकास,

(ग) फोहोरमैला विसर्जन स्थल वा प्रशोधन प्रणालीको विकास र सञ्चालन,

(घ) बृहत पूर्वाधार निर्माण, ठूलो मेसिन तथा औजार खरिद र व्यवस्थापन,

(ङ) बस्ती विकास तथा भू-उपयोग योजना,

(च) पर्यटन, प्रविधि तथा संस्कृतिको प्रवर्द्धन र विकास,

(छ) दमकल तथा एम्बुलेन्स सेवाको सञ्चालन,

(ज) असल अभ्यास र अनुभवको आदान प्रदान ।

**च. <u>प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी कार्य</u>**

(१) आफ्नो जिल्लाभित्र कुनै प्राकृतिक प्रकोप, दुर्घटना वा कुनै विपद् देखा परेमा प्रकोप तथा विपद् व्यवस्थापनमा जिल्लाभरिका सबै गाउँ/नगरपालिकाबीच समन्वय गरी एकीकृत ढंगले कार्यक्रम संचालन गर्न पहल गर्ने,

(२) विपद् तथा प्रकोप व्यवस्थापनमा जिल्लाभरिका सबै निकायहरुबीच उद्धार र राहत कार्य प्रभावकारी बनाउन समन्वय गर्ने,

(३) विपद् तथा प्रकोप व्यवस्थापनमा प्रदेश सरकार तथा संघीय सरकारसँग समन्वय र सहकार्य गर्ने ।

**छ. <u>भाषा, कला, र संस्कृति संरक्षण तथा प्रवर्द्धन सम्बन्धी कार्य</u>**

(१) जिल्लाभित्र प्रचलनमा रहेको भाषा कला र संस्कृतिको खोज, अध्ययन तथा अनुसन्धान गर्न स्थानीय सरकार तथा प्रदेश सरकारबीच समन्वय गर्ने,

(२) जिल्लाको भाषा, कला र संस्कृति संरक्षणसम्बन्धी कार्य गर्ने,

(३) जिल्लाभित्रका गैरसरकारी संस्था, दातृनिकाय, गुठी आदि सँगको समन्वयमा जिल्लाको भाषा, कला र संस्कृतिको प्रवर्द्धन गर्ने ।


ग. <u>जिल्ला सभाले गर्ने काम सम्बन्धी व्यवस्था</u>

नेपालको संविधान र यो ऐन बमोजिम जिल्ला सभाले सम्पादन गर्नुपर्ने सम्पूर्ण कार्य जिल्ला समन्वय समितले गर्नेछ।

## ३.जिल्ला समन्वय समिति मोरङको दरबन्दी संरचना र हाल कार्यरत कर्मचारीहरुको विवरण:

अनुसूची - १.७

जिल्ला समन्वय समितिको कार्यालय, (७७ जिल्ला) को प्रस्तावित संगठन संरचना




प्रमुखको निजि सचिवालयमा रहने रा.प. अनं. प्रथम श्रेणीको पदमा जिल्ला समन्वय समितिको कुनै कर्मचारीलाई खटाउन वा करारमा नियुक्त गर्न सकिनेछ।यसरी करारमा नियुक्त गरेको कर्मचारी प्रमुखको पदावधि समाप्त भएमा स्वतः अवकाश हुनेछ।

दिनोद प्रकाश सिंह
सचिव

दरबन्दी र पदपूर्ति विवरणः-

| सि.न. | पदनाम | स्वीकृतदरबन्दी | पदपूर्ति | रिक्त | रिक्तप्रतिशत |
|---|---|---|---|---|---|
| जिल्ला समन्वय अधिकारी | | | | | |
| १. | रा.प.द्वितीय (प्र/सा.प्र) | १ | पदपूर्ति | | |
| व्यवस्थापन शाखा | | | | | |
| २. | शाखा अधिकृत, रा.प.तृतीय (प्र/सा.प्र) | १ | पदपूर्ति | | |
| ३. | नायब सुब्बा, रा.प.अनं.प्रथम, (प्र/सा.प्र) | १ | | रिक्त | |
| ४. | लेखापाल ,रा.प.अनं.प्रथम(प्र/लेखा) | १ | पदपूर्ति | | |
| ५. | खरिदार, रा.प.अनं. द्वितीय (प्र/सा.प्र) | १ | पदपूर्ति | | |
| अनुगमन तथा मूल्याङ्कन शाखा | | | | | |
| ६. | ईन्जिनियर, रा.प.तृतीय (ईन्जि/सिभिल) | १ | पदपूर्ति | | |
| ७. | सव-ईन्जिनियर,रा.प.अनं.प्रथम (ईन्जि/सिभिल) | १ | | रिक्त | |
| करार | | | | | |
| ९. | ह.स.चा.(श्रेणीविहिन) | २ | पदपूर्ति | | |
| १०. | कार्यालय सहयोगी (श्रेणीविहिन) | ३ | पदपूर्ति | | |
| **जम्मा** | | १२ | १० | २ | |

**<u>हाल कार्यरत कर्मचारीहरुको विवरण</u>**

**<u>स्थायी तर्फ</u>**

| क्र.स | कर्मचारीको नाम | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री जानुका न्यौपाने | जिल्ला समन्वय अधिकारी | |
| २ | श्री गिरिराज भट्टराई | शाखा अधिकृत | सूचना अधिकारी |
| ३ | श्री नविन भुजु | इन्जिनियर | |
| ४ | श्री सर्मिला दाहाल | लेखापाल | |
| ५ | श्री यादवदेवी सुवेदी | खरिदार | |

**<u>श्रेणी विहीन करार तर्फ</u>**

| क्र.स | कार्मचारिको नाम | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री हरि बहादुर खत्री | का.स | |
| २ | श्री सुरेन्द्र कुमार साह | का.स. | |
| ३ | श्री कमल भण्डारी | का.स. | |
| ४ | श्री दुर्गा बहादुर सिंखडा | ह.स.चा | |
| ५ | श्री विक्की थापा मगर | ह.स.चा | |

## ४. जिल्ला समन्वय समितिको कार्यालयबाट प्रदान गरिने सेवाः

- बुँदा नं २ मा उल्लेख भए बमोजिम र सो संग सम्बन्धित सबै प्रकारका सेवाहरु,
- विभिन्न निकायहरुबीच समन्वय र अनुगमन सम्बन्धी कार्यहरु,
- कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन व्यवस्थापन तथा कार्यान्वयन सम्बन्धी कार्यहरु,
- विभिन्न सरकारी तथा गैह्रसरकारी संघ/संस्था (NGO)हरुको व्यवस्थापन सम्बन्धी कार्यहरु,
- स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम स्वीकृतिको लागि समन्वय गर्ने,
- विभिन्न संघ, संस्था र कार्यालयहरुलाई आवश्यकता बमोजिम सिफारिस उपलब्ध गराउने,
- संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहहरुबीच आवश्यकता बमोजिम समन्वयात्मक भूमिकाका कार्यहरु,
- ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ बमोजिम अनुगमन सम्बन्धी कार्यहरु,
- जि.स.स. मौज्दात कोष संचालन र कार्यक्रम व्यवस्थापन सम्बन्धी कार्यहरु लगायत ।

नेपाल सरकार जिल्ला समन्वय समितिको कार्यालय मोरङ, विराटनगर कोशी प्रदेश, नेपाल

## ५. सेवा प्रदान गर्ने जिम्मेवार शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुखको विवरण

| क्र.स | शाखा | शाखा प्रमुखको नाम | पद |
|---|---|---|---|
| १ | कार्यालय प्रमुख | श्री जानुका न्यौपाने | जिल्ला समन्वय अधिकारी |

| | | | |
|---|---|---|---|
| २ | व्यवस्थापन | श्री गिरिराज भट्टराई | शाखा अधिकृत |
| ३ | आर्थिक प्रशासन | श्री सर्मिला दाहाल | लेखापाल |
| ४ | अनुगमन तथा मूल्याङ्कन | श्री नविन भुजु | ईन्जिनियर |

**६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः**

जिल्ला समन्वय समितिबाट प्रदान गरिने सेवाहरु निःशुल्क रुपमा र यथाशक्य छोटो समयमा प्रदान गरिदैं आईएको छ ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारीः

- शाखासंग सम्बन्धित नियमित कामहरु शाखा प्रमुखबाट निर्णय हुने,
- विशेष निर्णय तथा कार्यालय प्रमुखबाटै हुनुपर्ने भनी तोकिएको कामहरु कार्यालय प्रमुखबाट निर्णय हुने,
- नीतिगत तथा व्यवस्थापन सम्बन्धी कार्यहरु जिल्ला समन्वय समिति प्रमुखबाट हुने,
- नीतिगत विषयका निर्णयहरु जिल्ला समन्वय समितिबाट हुने,
- नीतिगत निर्णयहरु, कार्यक्रम तथा बजेट स्वीकृत जिल्लासभाबाट हुने,

## ८) निर्णय उपर उजुरी सुन्ने अधिकारी

- जिल्ला समन्वय अधिकारी मातहतबाट भएको निर्णयको जिल्ला समन्वय अधिकारी,
- जिल्ला समन्वय अधिकारीबाट भएको निर्णयको जिल्ला समन्वय समिति प्रमुख,
- सूचना अधिकारीको निर्णय उपर परेको उजुरी जिल्ला समन्वय अधिकारी,
- दैनिक सेवा प्रवाह तथा कर्मचारीको कार्य व्यवहारबारे गुनासो सम्बन्धी उचित सम्बोधन गर्ने जिल्ला समन्वय अधिकारी ।

## ९. सम्पादन गरिएका कामको विवरण (२०८२ श्रावण देखि आश्विन मसान्तसम्म)

१) अनुगमन मूल्यांकन

- जि.स.स. मौज्दात कोष संचालन निर्देशिका,२०७५ बमोजिम मोरङ्गका स्थानीय तहहरु र जिल्ला समन्वय समितिबीच लागत साझेदारीमा संचालित योजनाहरुको विभिन्न मितिमा स्थलगत अनुगमन सम्बन्धी कार्यहरु गरियो।

| क्र.स. | अनुगमन गरिएको स्थान | संलग्न पदाधिकारीहरु | मिति | कैफियत |
|---|---|---|---|---|
| १ | जहदा गाउँपालिका, धनपालथान गाउँपालिका | जि.स.स. प्रमुख अजम्बर राई, उप प्रमुख श्री उशा झा, जिल्ला समन्वय अधिकारी जानुका न्यौपाने सहित | २०८२/०६/२६ र २७ | |
| २ | केराबारी गाउँपालिका | जि.स.स. प्रमुख अजम्बर राई, शाखा अधिकृत गिरिराज भट्टराई र इन्जिनियर नविन भुजु सहित | २०८२/०६/३१ र ०७/०१ | |



(केरावारी गाउँपालिका स्थित मच्छिन्द्र मा.वि.को शौचालय निर्माण योजनाको अनुगमन)



(धनपालथान स्थित निर्माणाधीन प्रशासकीय भवनको अनुगमन)

२०८२ भाद्र २३ र २४ मा भएको आन्दोलनको क्रममा भएको क्षतिको सम्बन्धमा मिति २०८२/०६/२६ र २७ गते जि.स.स. प्रमुख अजम्बर राई, उप प्रमुख श्री उशा झा, जिल्ला समन्वय अधिकारी जानुका न्यौपाने सहित उर्लाबारी नगरपालिका, सुनरवर्षी नगरपालिका, रंगेली नगरपालिका, जहदा गाउँपालिका, धनपालथान गाउँपालिकाको अनुगमन गरियो।



(रंगेली नगरपालिकाका वडा कार्यालयमा क्षति भएका कार्यालयहरु पाल टाँगेर सेवा प्रवाह गर्दै गरेको अनुगमन)

- जिल्ला समन्वय समिति प्रमुख श्री अजम्बर राई ज्यूले यस समितिको प्रमुखको रुपमा जिल्ला तथा कोशी प्रदेशमा संचालित विभिन्न कार्यक्रमहरुमा कार्यक्रमलाई प्रभावकारी बनाउने उदेश्यका साथ अध्यक्षता गहण तथा सहभागिता जनाउने गर्नु भएको।

## २) जिल्ला सभाको छैटौँ बैठकः-

जिल्ला समन्वय समितिका प्रमुख श्री अजम्बर राई ज्यूको अध्यक्षतामा जिल्ला सभाको छैटौँ बैठक मिति २०८२/०६/३० मा सम्पन्न भयो । बैठकबाट भएका मुख्य निर्णयहरु यस प्रकार छन् ।

१. **आ.व. २०८१/८२ को खर्च समीक्षा तथा अनुमोदन** :

१. गत आ.व. २०८१/८२ सम्मको जिल्ला समन्वय समिति मौज्दात कोषको विवरण निम्न अनुसार रहेको छ ।

| क्र.स. | विवरण | अघिल्लो आ ब बाट अ.ल्या (रु.) | आ ब २०८१।८२ को | | मौज्दात बाँकी | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | आम्दानी (रु.) | खर्च (रु.) | बाँकी (रु.) | |
| १ | विविध | २३,०५,४५,४०८.०२ | २२,५३,३६२/८६<br>(मिक्लाजुङ गाउँपालिकाबाट प्राप्त रु. ३ लाख समेत) | २,०८,००,६२७।०४ | २१,१९,९८,१४३।८० | वाँकी रहेको मौज्दात कोषमा कर्मचारी कल्याण कोष वापतको रकम र सटर भाडा वापतको रकम समेत समावेश भएको र सो रकम योजनामा खर्च गर्न नमिल्ने भई कोषमा अत्यन्तै न्यून रकम रहेको। |
| २ | धरौटी | ३,३२,३३,६०७।७८ | १,१२,४६५/- | ०.०० | ३,३३,४६,०७२।७८ | |

**ख.** आ.व. २०८१/८२ को अन्य खर्च शीर्षकहरूको आर्थिक विवरण देहाय अनुसार रहेकोमा उक्त आर्थिक विविरण अनुमोदन गरियो ।

| क.स. | विवरण | विनियोजित रकम | खर्च रकम | बाँकी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | जिल्ला समन्वय समितिको कार्यालयहरू (३६५००१०५३) | १,४३,४५,००० ।०० | १,३५,६७,८९९।७८ | ७,७७,१००/२२ | |
| २ | सशर्त अनुदान (महिला वालवालिका तथा जे.ना. मन्त्रालय) | १,००,०००/- | ९१,३९८/- | ८,६०२/- | |
| ३ | उपदान | ८२,१५,२८५/- | ८२,१५,२८५/- | - | |
| ४ | सेवा निवृत्तको औषधि उपचार खर्च | ३१,३९,५४८/०० | ३१,३९,५४८/०० | - | |
| ५ | जम्मा | २,८३,३६,७२०/- | २,७८,५१,०१७/७८ | ७,८५,७०२/२२ | |

**<u>चालु आ.व. २०८२/८३ को बजेट अनुमोदन</u>** :

चालु आर्थिक वर्ष २०८२/८३ को लागि जिल्ला समन्वय समन्वय समिति, मोरङको लागि अनिबार्य दायित्वको लागि नेपाल सरकारबाट प्राप्त बजेट निम्न बमोजिम रहेको छ ।

खर्च शीर्षक नं २६४१२ स्थानीय निकाय निशर्त चालु अनुदान रू. ३३,००,०००/-

| **चालु अनुदानको कार्यक्रमहरू** | **वार्षिक बजेट** (रु.) |
|---|---|
| अनिवार्य दायित्व सहितका कार्यालय संचालन खर्च(पानी बिजुली संचार महशुल इन्धन मर्मत सवारी नवीकरण मसलन्द विविध खर्च आदि) | ३३,००,०००/०० |
| कूल जम्मा | ३३,००,०००/- |

माथि उल्लेखित रकम मध्ये अनिवार्य दायित्व सहितका कार्यालय संचालन खर्च (पानी-बिजुली,संचार महशुल, इन्धन,मर्मत, वीमा नवीकरण,कार्यालय सन्चालन,परामर्श सेवा तथा अन्य सेवा र विविध खर्च )को रु ३३,००,०००।०० जिल्ला समन्वय समितिले आवश्यकता अनुसार उल्लेखित खर्च शीर्षकमा बाँडफाँड गर्नु पर्ने भएकोले (पछि संशोधन गर्नुपर्ने देखिए गर्न सक्ने गरी) निम्न अनुसार रकम बाँडफाँड गरी जिल्ला समन्वय समितिको ४९ औं बैठकबाट भएको निर्णय अनुमोदन र स्वीकृति गर्ने निर्णय गरियो ।

निम्न

नेपाल सरकार जिल्ला समन्वय समितिको कार्यालय मोरङ, विराटनगर कोशी प्रदेश, नेपाल

**आ.व. २०८२/८३**

| **क्र.स.** | **खर्च शीर्षक** | **प्रस्तावित बजेट (रु.)** | | |
|---|---|---|---|---|
| १ | पानी तथा बिजुली | ३,५०,००० | | |
| २ | संचार महशुल | ७५,००० | | |
| ३ | इन्धन | ४,००,००० | | |
| ४ | संचालन तथा मर्मत सम्भार | १३,५०,००० | | |

| | | | | |
|---|---|---|---|---|
| | सवारी साधन मर्मत(मोटर साइकल समेत) | | ७,५०,००० | |
| | मेसिनरी औजार मर्मत | | २,००,००० | |
| | निर्मित सम्पत्ति मर्मत(झ्यालको सिसा, ढोका, कम्पाउण्ड वाल, गेट, शौचालय समेत) | | ४,००,००० | |
| ५ | बीमा तथा नवीकरण | ६०००० | | |
| ६ | कार्यालय संचालन खर्च (मसलन्द) | ६,००,००० | | |
| ७ | परमर्श सेवा तथा अन्य सेवा शुल्क | १,९०,००० | | |
| ८ | विविध खर्च | २,७५,००० | | |
| | **कूल जम्मा** | ३३,००,००० | | |

२. **जि.स.स.मौज्दात कोषबाट लागत साझेदारीमा संचालित योजनाहरुको अवस्था :**

मौज्दात कोषबाट जिल्लाका सबै स्थानीय तहहरुमा साविकमा ६१ वटा योजना स्वीकृत भएकोमा आ.व. २०८१/८२ मा साविक स्वीकृत कार्यक्रमको Below रकमबाट सम्बन्धित स्थानीय तहको माग अनुसार १३ वटा थप योजना स्वीकृत भएका छन् ।

सो मध्ये विभिन्न स्थानीय तहका ४५ वटा योजना सम्पन्न भैसकेका छन् भने २१ वटा योजना सम्झौता भै सन्चालनको अवस्थामा रहेका छन ।

आ व २०७७/७८ बाट नै अनुदान स्वीकृत भई आ ब २०७८/७९, २०७९/८० र २०८०/०८१ मा थप समेत गरी कूल अनुदान रु ३९,८१,३०,१३१।०२ स्वीकृत भएकोमा आ ब २०७७/७८, २०७८/७९,२०७९/८० र २०८०/०८१ मा सम्पन्न योजनाको मूल्यांकन अनुसारको सम्पूर्ण रकम र क्रमागत योजनाको प्रथम, द्वितीय तथा तृतीय किस्ता निकासा बापत रु २९,०८,५२,२३०।५४ भुक्तानी भई क्रमागत योजनाको बाँकी किस्ता र सम्झौता हुन बाँकी योजनाको पुरै रकम गरी रु ८,९०,७०,९६४।७१ भुक्तानी गर्नु पर्ने दायित्व रहेको व्यहोरा सभामा जानकारी भयो ।




(जिल्ला सभाको छैटौं बैठक २०८२/०६/३०)

**३. पदाधिकारीको चाडपर्व खर्च सम्बन्धमा**

जिल्ला समन्वय समिति,मोरङको बैठकबाट बडादशैंमा जि.स.स. पदाधिकारीहरुलाई चाडपर्ब खर्च उपलब्ध गराउने गरी भएको ४८ औं बैठकको निर्णय अनुमोदन तथा देहाय अनुसार चाडपर्व खर्च २०८२ श्रावण महिनाको भुक्तानी भएको सुविधाको रकम बराबर नै उपलब्ध गराउने निर्णय गरियो ।

४. **जिर्ण रहेको भवन, आवास गृह तथा सटर मर्मत सम्भार सम्बन्धमा** :

जिल्ला समन्वय समितिको स्वामित्वमा रहेका आवास गृह, भवन तथा पसल/सटर मर्मत सम्भार नगरी नहुने भएकाले सो को लागि लागत अनुमान तयार गरी जिल्ला समन्वय समिति मौज्दात कोषबाट आवश्यक बजेट व्यवस्था गर्नको लागि नेपाल सरकार संघीय मामिला तथा सामान्य मन्त्रालयलाई स्वीकृतिको लागि पठाउने र स्वीकृति प्राप्त भै आएमा निर्माण तथा मर्मत सम्भार गर्ने निर्णय गरियो ।

**५. साझेदारीमा कार्यक्रम संचालन सम्बन्धमा** :

नेपालको संबिधान बमोजिम संघ, प्रदेश र स्थानीयतह वीचको सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्धन गर्ने तथा जिल्ला सभा ऐन २०७५ बमोजिम जिल्ला सभाको काम, कर्तब्य र अधिकार कार्यन्वयनका लागि जिल्ला समन्वय समितिको कार्यालयमा बजेट उपलब्ध नभएको हुँदा स्थानीय तहसंग साझेदारीमा (आर्थिक जिम्मेवारी स्थानीय तहले र व्यवस्थापकीय जिम्मेवारी जि.स.स.ले बहन गर्ने गरी) मानव संसाधन विकासका कार्यक्रमहरु(न्यायिक समिति,दलित महिला सदस्यहरु/दलित महिला कार्यपालिका सदस्यहरुको क्षमता अभिवृद्धि, प्राविधिक कर्मचारीको क्षमता वृद्धि, स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन, वित्तीय जोखिम सुशासन मूल्याङ्कन) संचालन गर्ने निर्णय गरियो ।

**६. सम्पन्न बाँकी योजनाहरुको म्याद थप सम्बन्धमाः**

यस अघि सम्झौता भई विविध कारणले सम्पन्न हुन बाँकी योजनाहरुको म्याद थप गर्नुपर्ने भई पुष्ट्याँई सहित माग भएमा मिति २०८२ साल चैत्र मसान्त सम्मलाई म्याद थप गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**७. जिल्ला सभा र समन्वय समितिलाइ थप जिम्मेवारी सम्बन्धमाः-**

जिल्ला सभाको काम कर्तव्य र अधिकारमा प्रदेश कानून बमोजिमका कार्यहरु भन्ने उल्लेख भएकोले प्रदेश सरकारले विभिन्न कानूनी व्यवस्था द्वारा प्रदेश सरकारका नीति कार्यान्वयनमा मद्दत पुग्ने गरी जिम्मेवारी प्रदान गरेमा जिल्ला समन्वय समितिले सकृय हुन सक्ने र प्रदेश सरकारको आर्थिक तथा प्रशासनिक दायित्त्व समेत कम हुने देखिदा त्यस प्रकारका कार्यहरु जस्तै जिल्लाका सार्वजनिक सेवा प्रदान, स्थानीय तह कर्मचारी प्रशासन, जनप्रतिनिधि र कर्मचारीको क्षमता अभिवृद्धि आदि यस समितिबाट कार्यान्वय गर्न सकिने भएकोले ती कार्य जिम्मेवारी प्रदान गर्न प्रदेश सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**८. Gen-Z आन्दोलनको क्रममा भएको क्षति सम्बन्धमा**

२०८२ भाद्र २३ र २४ गते भएको आन्दोलनको क्रममा जिल्लाका १० वटा स्थानीय तहको प्रशासकीय भवन तथा वडा कार्यालयमा क्षति पुगेको छ । सो पुनःनिर्माण गर्नु हाम्रो दायित्त्व हो । नेपाल सरकार तथा प्रदेश सरकारबाट स्थानीय तहमा आउने अनुदानमा समेत संकुचन हुन सक्ने देखिएकोले त्यस निम्ति जिल्ला समन्वय समितिको मौज्दात कोष सन्चालन निर्देशिका,२०७५ वमोजिम कार्यक्रम स्वीकृत भई विविध कारणले हालसम्म संझौता नभएका आयोजना पौष मसान्तभित्र संझौता गरिसक्ने अन्यथा सो रकमबाट Gen-Z आन्दोलनको क्रममा क्षति पुगेका स्थानीय तहका प्रशासनिक संरचनाको मर्मतको लागि कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आह्वान गर्ने निर्णय गरियो ।

**९. विविध** :

**(क)** बहालमा दिइएका पसल/सटरहरूबाट प्राप्त विद्युत महशुल नगदै बुझी लिई विद्युत प्राधिकरणमा बुझाउँन स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**(ख)** गत आ.व. मा भएका सम्पूर्ण खर्चहरु र चालु आ.व.को सभा भन्दा अगाडि भएका सम्पूर्ण खर्चहरुलाई अनुमोदन गर्ने निर्णय गरियो।

**(ग)** यस अघि सम्झौता भएका योजनाहरुको ठेक्का आह्वान गर्दा न्यून कबोल भई बाकी रहन आएको विलो रकमवाट सम्वन्धित स्थानीय तहमा **जिल्ला समन्वय समितिको मौज्दात कोष सन्चालन निर्देशिका,२०७५ वमोजिम** कार्यक्रम कार्यान्वयन समितिबाट निर्णय गरी थप योजना सञ्चालन गर्ने निर्णय गरियो ।

## ३) स्थानीय तहहरुको वार्षिक समीक्षा तथा असल अभ्यास आदान प्रदान

नेपालको संविधानको धारा २२० अनुसार जिल्लाका स्थानीय तहको अनुगमनको कार्य जिल्ला समन्वय समितिलाई प्रदान गरिएको तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९२ मा को उपदफा (१) को (ञ) मा  जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तिमा एक पटक वार्षिक समिक्षाको कार्यक्रम आयोजना गर्नु पर्ने भन्ने उल्लेख भएको छ । साथै संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयको मिति २०८२/०४/०७ च.नं ९ को पत्रबाट भाद्र मशासान्त भित्र समीक्षा सम्पन्न गर्न लेखि आएको र सो अनुसार मिति २०८२/०४/२३ को जिल्ला समन्वय समितिको बैठकबाट मिति २०८२/०५/११ गते स्थानीय तहहरुको वार्षिक समीक्षा गरिएको । समीक्षामा विभिन्न १४ वटा स्थानीय तहबाट प्रस्तुतीकरण भयो । प्रस्तुतीकरण पछि जिल्ला समन्वय समितिबाट दिएका सुझावहरु यस प्रकार छन् ।

- आवधिक योजना, मध्यकालीन खर्च संरचना (MTEF), Project Bank र वार्षिक बजेट निर्माणमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व ऐन, २०७७, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को पूर्ण परिपालना नगरी निर्माण गरेको तथा कतिपय स्थानीय तहहरुले आवधिक योजना, मध्यकालीन खर्च संरचना तथा परियोजना बैंक नै सञ्चालन नगरेको पाइएकोले कानूनी पक्षको परिपालना गर्नु पर्ने देखिन्छ ।
- दिगो विकास लक्षको स्थानीयकरणको लागि स्थानीय तहको लागि म्यानुअल जारी भएको भए पनि सो अनुरुप बजेट कोडिङ लगायत स्थानीयकरणको लगि स्थानीय रणनीति तयारी तथा प्रगति समीक्षा भएको नपाइएकोले सो तर्फ ध्यान दिन आवश्यक देखिन्छ ।



(स्थानीय तहको वार्षिक समीक्षा तथा असल अभ्यास आदान प्रदान कार्यक्रम २०८२ भाद्रमा सहभागीहरु)

- नदीजन्य पदार्थको उत्खनन, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ अनुसार स्थानीय तहहरुले नदीजन्य पदार्थको राजश्व अशुली तथा व्यवस्थापन गर्न स्थानीय तहले कार्य गर्नु पर्ने देखिन्छ ।
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची ३ अनुसारको राजश्व परिचालन न्यून हुँदा संघीय र प्रदेश सरकारमाथिको निर्भरता कम हुन नसकेकोले त्यसतर्फ गम्भीर भई राजस्व सुधार कार्ययोजना तयारी तथा कार्यान्वयन गर्नु पर्ने देखिन्छ ।
- स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीको लागि कानून निर्माण, बजेट, योजना व्यवस्थापन, सार्वजनिक खरिद, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी अनुशिक्षण, प्रशिक्षण तथा तालिमहरु सञ्चालन गर्नु पर्ने देखिन्छ ।
- राजनीतिक नेतृत्व र प्रशासनिक नेतृत्तबीच तथा कर्मचारीबीचमा हुने द्वन्द्व तथा सम्बन्धमा, अधिकारको सीमा तथा विविध मानवीय पक्षमा तालिम सञ्चालन गर्नु पर्ने देखिन्छ ।
- स्थानीय तहको बेरुजुको आकार वर्षेनी बृद्धि भई रहेको सन्दर्भमा बेरुजु आउने कारण पहिचान र निदान गर्ने तथा स्थानीय तहले बेरुजु फर्यौट कार्ययोजना तथा कार्यक्रम सञ्चालन गर्नु पर्ने देखिन्छ ।
- स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) लागू भएकोले सो को अभिमुखिकरण तथा समयमा नै प्रविष्टि तथा मूल्याङ्कन सम्पन्न गर्नु पर्ने देखिन्छ ।

वार्षिक समीक्षामा टिप्पणीकर्ता नेपाल नगरपालिका संघ कोशी प्रदेश संयोजक तथा नगर प्रमुख बेलबारी नगरपालिका श्री दिल प्रसाद राईज्यूको मन्तव्यः-

- स्थानीय तहबाट संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तयार भएको फर्मेटमा प्रतिवेदन भयो ।
- यसले स्थानीय तहको वर्तमा र भविष्य समेत देखिएको छ ।
- संघीयका तीन वटा स्तम्भ राजनीतिक, प्रशसिनक र वित्तीय संघीयताको साथै कानून निर्माण समयमा माथिल्ला तहबाट गरेर तल्ला तहबाट समेत सो अनुसार गर्नु पर्ने ।
- रतुवामाई नगरपालिकामा संघीय सरकारबाट धानको सुपर जोन चलेको छ, यस्ता कार्यक्रममा स्थानीय कार्यक्रम तालमेल हुनु पर्ने देखिन्छ ।
- स्थानीय तह दिगो उपलब्धी हासिल हुने कार्यको लागि योजना र लक्ष केन्द्रित हुनु पर्दछ ।

वार्षिक समीक्षामा टिप्पणीकर्ता जिल्ला समन्वय समिति मोरङका प्रमुख श्री अजम्बर राईज्यूको मन्तब्यः-

- वार्षिक समीक्षाले अनुभव आदान प्रदान गर्न सहज भएको छ ।
- विगतका पाठबाट सिकाई गर्न आवश्यक छ । सहभागी सवै स्थानीय तहलाई धन्यवाद व्यक्त ।

४) २०८२ भाद्र २३ र २४ को घटनामा भएको क्षतिको विवरणः –

**अनुमानित क्षति विवरणः-**

| कार्यालय/निकाय वा संस्थाको नाम/व्यक्तिको नाम | क्र.स | क्षतिको विवरण | | | स्थान | क्षतिको अनुमानित लागत | विमा भएको/नभएको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | नाम | एकाई | परिणाम | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| जिल्ला समन्वय समितिको कार्यालय मोरङ । | १ | पर्खाल | मिटर | ४० | विराटनगर म.न.पा वडा नं ०९, कार्यालय परिसर | ५०००० | नभएको | कार्यालय परिसरको दक्षिण दिशामा रहेको ६ फिटे पर्खाल भत्काईएको |
| | २ | सिसाको झ्याल | वटा | २२ | ऐ. | १२०००० | नभएको | कार्यालय तथा आवास गृह समेत |
| | ३ | जिप | वटा | ३ | ऐ. | १५०००००० | तेश्रो पक्ष विमा भएको | (१) बा २ झ ७६८ (निशान पेट्रोल) |
| | ४ | | | | ऐ. | ५०००००० | | (२) बा १ झ ८४७९ (टोयोटा ल्याण्डक्रुजर) |
| | ५ | | | | ऐ. | १०००००० | | (३) बा १ झ ८४३६ (निशान पिकअप) |
| | ६ | मोटरसाईकल (सरकारी) | थान | ७ | ऐ. | ३०७८९५.५३ | नभएको | ४ थान बेसाबुत अवस्थाको मो.सा नम्बर नखुलेको |
| | ७ | | | | ऐ. | | तेश्रो पक्ष विमा भएको | (१) को १ ब ११८६ (होण्डा साईन) चालु अवस्थामा रहेको |
| | ८ | | | | ऐ. | | | (२) को १ ब ८२२ (होण्डा साईन) चालु अवस्थामा रहेको |
| | ९ | | | | ऐ. | | | (३) को १ ब ११७६ (होण्डा एक्सट्रिम) |
| | १० | साईकल | थान | ४८ | ऐ. | २५६३४९.२८ | नभएको | लिलाम गर्नु पर्ने टुटफुट गोदाम घरमा रहेको |
| | ११ | डेक्सटप कम्पयुटर | थान | १० | ऐ. | ३१२५७१.६५ | नभएको | जिर्ण अवस्था लिलाम गर्नुपर्ने गोदाम घरमा रहेको |
| | १२ | टेलिभिजन | थान | ८ | ऐ. | १६८८४१.७७ | नभएको | जिर्ण अवस्था लिलाम गर्नुपर्ने गोदाम घरमा रहेको |
| | १३ | टेलिफोन | थान | २० | ऐ. | २०७९२.२ | नभएको | टुटफुट लिलाम गर्नुपर्ने गोदाम घरमा रहेको |
| | १४ | ईन्टरकम टेलिफोन | थान | १७ | ऐ. | १५३२८७ | नभएको | टुटफुट लिलाम गर्नुपर्ने गोदाम घरमा रहेको |
| | १५ | डिजिटल क्यामेरा | थान | ८ | ऐ. | १४८१२२.४८ | नभएको | बेकाम अवस्थामा गोदाम घरमा रहेको |
| | १६ | भिडियो क्यामेरा | थान | १ | ऐ. | ४९१०५ | नभएको | जिर्ण अवस्था लिलाम गर्नुपर्ने गोदाम घरमा रहेको |
| | १७ | जि.पि.एस मेसिन | थान | ३ | ऐ. | १०७६१६ | नभएको | टुटफुट लिलाम गर्नुपर्ने गोदाम घरमा रहेको |
| | १८ | वेब क्यामेरा | थान | १ | ऐ. | ० | नभएको | बिग्रिएको लिलाम गर्नुपर्ने घरमा रहेको |
| | १९ | डि.भि.डि प्लेयर | थान | ३ | ऐ. | ९५०१ | नभएको | टुटफुट लिलाम गर्नुपर्ने गोदाम घरमा रहेको |
| | २० | अन्य सूचना, कम्प्युटर तथा दुरसंचार सामान | थान | १ | ऐ. | ३४१२५ | नभएको | पुराना प्रयोगमा नआउने लिलाम गर्नुपर्ने गोदाम घरमा रहेको |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | २१ | क्यामेरा फल्यास | थान | २ | ऐ. | १००७२.७२ | नभएको | पुराना प्रयोगविहिन लिलाम गर्नुपर्ने गोदाम घरमा रहेको |
| जिल्ला समन्वय समितिको कार्यालय मोरङ । | २२ | प्रिन्टर | थान | ५ | ऐ. | ५९०४७.५ | नभएको | टुटफुट लिलाम गर्नुपर्ने गोदाम घरमा रहेको |
| | २३ | हिटर | थान | २ | ऐ. | ३११६.६६ | नभएको | पुराना प्रयोगविहिन लिलाम गर्नुपर्ने गोदाम घरमा रहेको |
| | २४ | सिलिङ पंखा | थान | ५ | ऐ. | ८४६३.५५ | नभएको | बिग्रिएको लिलाम गर्नुपर्ने गोदाम घरमा रहेको |
| | २५ | टेबुल पंखा | थान | ७ | ऐ. | २९५०.०१ | नभएको | टुटफुट लिलाम गर्नुपर्ने गोदाम घरमा रहेको |
| | २६ | जेनेरेटर | थान | १ | ऐ. | ८७२००० | नभएको | बिग्रिएको लिलाम गर्नुपर्ने गोदाम घरमा रहेको |
| | २७ | एयर कन्डिसनर | थान | १ | ऐ. | ८१७३.२६८१२५ | नभएको | टुटफुट लिलाम गर्नुपर्ने गोदाम घरमा रहेको |
| | २८ | फ्रिज | थान | २ | ऐ. | ४२९४४ | नभएको | बिग्रिएको लिलाम गर्नुपर्ने गोदाम घरमा रहेको |
| | २९ | भ्याकुम क्लिनर | थान | ४ | ऐ. | ११९४१.६ | नभएको | टुटफुट लिलाम गर्नुपर्ने गोदाम घरमा रहेको |
| | ३० | युपिएस | थान | २५ | ऐ. | १६०१६५.१८२९ | नभएको | बिग्रिएको लिलाम गर्नुपर्ने गोदाम घरमा रहेको |
| | ३१ | व्याट्री | थान | १० | ऐ. | २७७८२५.६९१३ | नभएको | बिग्रिएको लिलाम गर्नुपर्ने गोदाम घरमा रहेको |
| | ३२ | स्टेबिलाईजर | थान | ५ | ऐ. | २९८१०.८ | नभएको | बिग्रिएको लिलाम गर्नुपर्ने गोदाम घरमा रहेको |
| | ३३ | कुलर | थान | ३ | ऐ. | ३१२० | नभएको | टुटफुट लिलाम गर्नुपर्ने गोदाम घरमा रहेको |
| | ३४ | मिक्सर | थान | १ | ऐ. | २५०० | नभएको | बिग्रिएको लिलाम गर्नुपर्ने गोदाम घरमा रहेको |
| | ३५ | आईरन | थान | ४ | ऐ. | ७५०० | नभएको | बिग्रिएको लिलाम गर्नुपर्ने गोदाम घरमा रहेको |
| | ३६ | गिजर | थान | २ | ऐ. | २१७०० | नभएको | बिग्रिएको लिलाम गर्नुपर्ने गोदाम घरमा रहेको |
| | ३७ | सक्यानर | थान | १ | ऐ. | १०५८० | नभएको | बिग्रिएको लिलाम गर्नुपर्ने गोदाम घरमा रहेको |
| | ३८ | ईमेरजेन्सी लाईट | थान | २ | ऐ. | २०५० | नभएको | बिग्रिएको लिलाम गर्नुपर्ने गोदाम घरमा रहेको |
| | ३९ | अन्य विद्युतीय उपकरण | थान | ५ | ऐ. | १२९२५०.९९ | नभएको | बिग्रिएको लिलाम गर्नुपर्ने गोदाम घरमा रहेको |
| | ४० | स्टयाण्ड पंखा | थान | १५ | ऐ. | ३७२६० | नभएको | बिग्रिएको लिलाम गर्नुपर्ने गोदाम घरमा रहेको |
| | ४१ | युरोगार्ड | थान | ६ | ऐ. | १२४७८९.०२ | नभएको | बिग्रिएको लिलाम गर्नुपर्ने गोदाम घरमा रहेको |
| | ४२ | क्यासेट डेक | थान | २ | ऐ. | ६३०० | नभएको | बिग्रिएको लिलाम गर्नुपर्ने गोदाम घरमा रहेको |
| | ४३ | माईक स्टयाण्ड | थान | ३ | ऐ. | ० | नभएको | टुटफुट लिलाम गर्नुपर्ने गोदाम घरमा रहेको |
| | ४४ | रेन्जिङ्ग रड | थान | १ | ऐ. | १७५० | नभएको | टुटफुट लिलाम गर्नुपर्ने गोदाम घरमा रहेको |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ४५ | हाइड्रोलिक ज्याक | थान | २ | ऐ. | ४८२९ | नभएको | टुटफुट लिलाम गर्नुपर्ने गोदाम घरमा रहेको |
| | ४६ | अन्य निर्माण सम्बन्धी उपकरण | थान | १२ | ऐ. | ९११५४.९७ | नभएको | बेकाम अवस्थामा गोदाम घरमा रहेको |
| जिल्ला समन्वय समितिको कार्यालय मोरङ । | ४७ | प्लाई बोर्ड | थान | २ | ऐ. | ० | नभएको | टुटफुट लिलाम गर्नुपर्ने गोदाम घरमा रहेको |
| | ४८ | कुर्चि | थान | १०० | ऐ. | ४११८२२.०९६८ | नभएको | बेकाम तथा टुटफुट अवस्थामा गोदाम घरमा रहेको |
| | ४९ | सोफासेट | थान | ४ | ऐ. | ८९६५०.७६ | नभएको | टुटफुट लिलाम गर्नुपर्ने गोदाम घरमा रहेको |
| | ५० | एक्जुकेटिभ टेबल | थान | ३ | ऐ. | २९९७६.४२ | नभएको | टुटफुट लिलाम गर्नुपर्ने गोदाम घरमा रहेको |
| | ५१ | टि टेबल | थान | १२ | ऐ. | २३०६४.९६ | नभएको | टुटफुट लिलाम गर्नुपर्ने गोदाम घरमा रहेको |
| | ५२ | कम्पयुटर टेबल | थान | ५ | ऐ. | ६८८५९.१५ | नभएको | टुटफुट लिलाम गर्नुपर्ने गोदाम घरमा रहेको |
| | ५३ | बेन्च | थान | १३ | ऐ. | ० | नभएको | टुटफुट लिलाम गर्नुपर्ने गोदाम घरमा रहेको |
| | ५४ | खाट पलङ लोबेड | थान | ७ | ऐ. | ४०२६८.२ | नभएको | टुटफुट लिलाम गर्नुपर्ने गोदाम घरमा रहेको |
| | ५५ | ऱ्याक | थान | ३९ | ऐ. | ४४००२५.३०८५ | नभएको | टुटफुट लिलाम गर्नुपर्ने गोदाम घरमा रहेको |
| | ५६ | ईस्टुल | थान | १ | ऐ. | १०० | नभएको | टुटफुट लिलाम गर्नुपर्ने गोदाम घरमा रहेको |
| | ५७ | स्टान्ड | थान | ४ | ऐ. | ३६६६.६६६६६७ | नभएको | टुटफुट लिलाम गर्नुपर्ने गोदाम घरमा रहेको |
| | ५८ | फुल सेक्रेटरी टेबुल | थान | २ | ऐ. | ७०२३७.८४ | नभएको | टुटफुट लिलाम गर्नुपर्ने गोदाम घरमा रहेको |
| | ५९ | अन्य फर्निचर | थान | १२ | ऐ. | १७६५३ | नभएको | टुटफुट लिलाम गर्नुपर्ने गोदाम घरमा रहेको |
| | ६० | मिटिङ टेबल | थान | १ | ऐ. | १९९८३.३३३३३ | नभएको | टुटफुट लिलाम गर्नुपर्ने गोदाम घरमा रहेको |
| | ६१ | कार्पेट | मिटर | २९६ | ऐ. | ८८७२८.९६ | नभएको | बेकाम अवस्थामा गोदाम घरमा रहेको |
| | ६२ | गलैचा | थान | ४ | ऐ. | १०१०० | नभएको | बेकाम अवस्थामा गोदाम घरमा रहेको |
| | ६३ | पानी फिल्टर | थान | ५ | ऐ. | ४१५६.२५ | नभएको | बेकाम अवस्थामा गोदाम घरमा रहेको |
| | ६४ | चेक राईटर | थान | ४ | ऐ. | ४१५०० | नभएको | टुटफुट लिलाम गर्नुपर्ने गोदाम घरमा रहेको |
| | ६५ | उजुरी पेटीका | थान | ३ | ऐ. | ११४९.९९ | नभएको | टुटफुट लिलाम गर्नुपर्ने गोदाम घरमा रहेको |
| | ६६ | ग्यास चुलो | थान | ५ | ऐ. | १३६११.१ | नभएको | टुटफुट लिलाम गर्नुपर्ने गोदाम घरमा रहेको |
| | ६७ | अन्य कार्यालय उपकरण | थान | ४५० | ऐ. | २१३७२८.०२८७ | नभएको | बेकाम अवस्थामा रहेका किचन सामाग्री लिलाम गर्नु पर्ने |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | **कार्यालयको जिन्सी अभिलेख अनुसार सुरु मूल्य अनुसारको कुल क्षति** | | | | २६२५५७८३.९४ | | |
| **<u>कार्यालयको परिसरमा राखिएका निजि सवारी साधन</u>** | | | | | | | | |
| श्री प्रेम कु. राजवंशी) | ६८ | मोटरसाईकल (निजि) | वटा | २ | ऐ. | २००००० | तेश्रो पक्ष विमा भएको | (१) को १६ प ९२७ बजाज डिसकभर कार्यालय मातहतका सटर व्यवसायी। |
| श्री राकेश कुमार मण्डल धानुक | ६९ | | | | ऐ. | ४००००० | तेश्रो पक्ष विमा भएको | (२) को २८ प ७२८८ बजाज पल्सर २२० रेडक्रस ब्लड बैंक कर्मचारी । |
| श्री हरि प्र.लुईटेल र श्री रमेश लुईटेल | ७० | साईकल (निजि) | थान | २ | ऐ. | १२००० | नभएको | कार्यालय मातहतका सटर व्यवसायीहरुको । |
| **निजी सम्पत्तिको अनुमानित रकम** | | | | | | ६१२००० | | |
| **निजी सहित क्षति सम्पत्तिको अनुमानित रकम (रु.)** | | | | | | २,६८,६७,७८३.९४ | | |

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ११७, मिति २०८२/०६/१२ गतेको पत्रानुसार मिति २०८२/०५/२४ को दिन भएको आन्दोलनको क्रममा यस कार्यालयको सम्पत्तिको क्षतिको विवरण मन्त्रालय र भाद्र २३ र २४ को घटना सम्बन्धी जाचबुझ आयोग, २०८२ को सचिवालयमा अनुमानित क्षति रकम समेत पठाईएको ।

## १० . जिल्ला समन्वय समितिको बैठक

| क्र.स. | मिति. | मुख्य निर्णयहरु | कैफियत |
|---|---|---|---|
| १ | मिति २०८२/०४/२३ ४७ औ बैठक | १. जिल्ला सभा भाद्र अन्तिम साता गर्ने ।<br>२. वार्षिक समीक्षा भाद्र ११ गते गर्ने<br>३. सटर भाडा सम्बन्धमा सूचना गर्ने ।<br>४. विविध सम्बन्धमा । | |
| २ | मिति २०८२/०६/०५ ४८ औ बैठक | १. Gen-Z आन्दोलनको क्रममा भएको क्षतिको समीक्षा गरियो ।<br>२. अनिवार्य दायित्वको भुक्तानी गर्ने ।<br>३. जि.स.स. पदाधिकारीको सुविधा उपलब्ध गराउने ।<br>४. वडा दशैको शुभकामना व्यक्त गर्ने ।<br>५. श्रद्धाञ्जली तथा स्वास्थ्य लाभको कामना गर्ने । | |

| क.स. | मिति. | मुख्य निर्णयहरु | कैफियत |
|---|---|---|---|
| ३ | मिति २०८२/०६/२४ ४९ औ बैठक | १. जिल्ला सभाको बैठक आस्विन ३० गते गर्ने ।<br>२. अनिवार्य दायित्वको रकमको ब्रेक डाउन गर्ने ।<br>३. कार्यालयबाट नियमित अनुगमन गर्ने ।<br>४. पदाधिकारीको सुविधा सम्बन्धी प्रस्ताव सभामा लैजाने सम्बन्धी ।<br>५. मौज्दात कोष सम्बन्धी ।<br>६. सटर भाडा सम्बन्धी । | |

## ११. सूचना अधिकारी र प्रमुखको नाम, पद र सम्पर्क नं.

क) कार्यालय प्रमुखः जिल्ला समन्वय अधिकारी श्री जानुका न्यौपाने - मो.नं. 9852066222

ख) सूचना अधिकारीः- शाखा अधिकृत श्री गिरिराज भट्टराई - मो.नं. 9852081038

## १२. ऐन, नियम, विनियम वा निर्देशिकाहरुको सूची

- स्थानीय सरकार संचालन ऐन, २०७४
- विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४
- सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४
- अनुगमन तथा मूल्याङ्कन ऐन, २०८०
- भ्रष्टाचार निवारण ऐन, २०५९
- निजामती सेवा ऐन, २०४९ र नियमावली, २०५०
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६
- जिल्ला समन्वय समिति मौज्दात कोष संचालन निर्देशिका, २०७५
- जिल्ला सभा ऐन, २०७५
- संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७
- जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५
- जिल्ला सभा र जिल्ला समन्वय समितिका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५
- भ्रमण खर्च नियमावली, २०६४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी नियमावली, २०७७
- ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७

नेपाल सरकार जिल्ला समन्वय समितिको कार्यालय मोरङ, बिराटनगर कोशी प्रदेश, नेपाल

## १३. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी विवरण

२०८२ को श्रावण, भाद्र र आश्विनको आय र व्यय विवरणः-

१) जि.स.स.को आफ्नो स्वः आर्जन तर्फः-

आम्दानी (सटर/पसल भाडा, हल भाडा वापत) संकलित

| सि.नं. | आम्दानी शीर्षक नं. | कार्यक्रमको नाम | लक्ष्य आम्दानी रकम रु.(गत आ.व.को आधारमा) | चालू आ.व.को असोज मसान्तसम्म प्रगति रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | सटर भाडा आम्दानी | विविध | २०,००,०००/- | ४,३७,८२९/- | |
| २. | कर्मचारी कल्याण कोष | कर्मचारी कल्याण कोष | - | १५,४५५/- | |

२) खर्च विवरण

बजेट उपशीर्षक नम्बरः ३६५००१०५३

आयोजना/कार्यक्रम नामः जिल्ला समन्वय समितिको कार्यालयहरु

आर्थिक वर्षः २०८२/८३

महिनाः असोज

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह: स्रोत व्यहोर्ने निकाय | प्राथमिक तह: भुक्तानी विधि | द्वितीय तह: स्रोत व्यहोर्ने निकाय | द्वितीय तह: भुक्तानी विधि | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेस्की | पेस्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 26412सरकारी निकाय, समिति एवं बोर्डहरूलाई शर्त चालु अनुदान | | | | | १५,१६२,०००.०० | ३,२१०,१०२.१५ | १,९३३,२५६.८० | १,३८३,७०६.५५ | ३,३१६,९६३.३५ | ०.०० | ३,३१६,९६३.३५ | ११,८४५,०३६.६५ |
| 1.3.5.12कार्यक्रम खर्च (आर्थिक प्रगति समीक्षा तथा स्थानीय तहको अनुभव आदान प्रदान सहित) | 1100001-नेपाल सरकार | 02-नगद (आन्तरिक ऋण) | | | ६००,०००.०० | ०.०० | ०.०० | १८,४००.०० | १८,४००.०० | ०.०० | १८,४००.०० | ५८१,६००.०० |
| 1.3.5.13अनुगमन मूल्याङ्कन तथा भ्रमण खर्च | 1100001-नेपाल सरकार | 02-नगद (आन्तरिक ऋण) | | | १,०००,०००.०० | ७२,२५०.०० | ३६,७००.०० | ६८,९४४.०० | १०५,६४४.०० | ०.०० | १०५,६४४.०० | ८९४,३५६.०० |
| 1.3.5.5पारिश्रमिक (स्वीकृत दरबन्दीका कर्मचारीको पारिश्रमिक र जि.स.स. पदाधिकारीको सुविधा) | 1100001-नेपाल सरकार | 02-नगद (आन्तरिक ऋण) | | | ९,८००,०००.०० | २,६७३,३००.१५ | १,७९२,०९६.८० | ९३६,२७०.५५ | २,७२८,३६७.३५ | ०.०० | २,७२८,३६७.३५ | ७,०७१,६३२.६५ |
| 1.3.5.6नीति सचिवालय करार कर्मचारी (१ जना) | 1100001-नेपाल सरकार | 02-नगद (आन्तरिक ऋण) | | | ४६२,०००.०० | ६९,४६०.०० | ६९,४६०.०० | ०.०० | ६९,४६०.०० | ०.०० | ६९,४६०.०० | ३९२,५४०.०० |
| 1.3.5.9अनिवार्य दायित्व सहितका कार्यालय संचालन खर्च (पानी बिजुली, संचार महसुल, ईन्धन, मर्मत, सवारी नवीकरण, मसलन्द, तथा विविध खर्च आदि) | 1100001-नेपाल सरकार | 02-नगद (आन्तरिक ऋण) | | | ३,३००,०००.०० | ३९५,०९२.०० | ३५,०००.०० | ३६०,०९२.०० | ३९५,०९२.०० | ०.०० | ३९५,०९२.०० | २,९०४,९०८.०० |
| जम्मा | | | | | १५,१६२,०००.०० | ३,२१०,१०२.१५ | १,९३३,२५६.८० | १,३८३,७०६.५५ | ३,३१६,९६३.३५ | ०.०० | ३,३१६,९६३.३५ | ११,८४५,०३६.६५ |

स्रोतगत जम्मा

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| 1100001-नेपाल सरकार | | १५,१६२,०००.०० | ३,२१०,१०२.१५ | १,९३३,२५६.८० | १,३८३,७०६.५५ | ३,३१६,९६३.३५ | ०.०० | ३,३१६,९६३.३५ | ११,८४५,०३६.६५ |
| | 02-नगद (आन्तरिक ऋण) | १५,१६२,०००.०० | ३,२१०,१०२.१५ | १,९३३,२५६.८० | १,३८३,७०६.५५ | ३,३१६,९६३.३५ | ०.०० | ३,३१६,९६३.३५ | ११,८४५,०३६.६५ |
| जम्मा | | १५,१६२,०००.०० | ३,२१०,१०२.१५ | १,९३३,२५६.८० | १,३८३,७०६.५५ | ३,३१६,९६३.३५ | ०.०० | ३,३१६,९६३.३५ | ११,८४५,०३६.६५ |

## १४. कार्यालयको वेभसाईट, ईमेल ठेगाना तथा सामाजिक सञ्जालः

यस कार्यालय वेभसाईट www.dccmorang.gov.np

ईमेल ठेगाना ddcmorang@gmail.com

फेसबुक पेज www.facebook.com/Dccmorang

### १५. जिल्ला समन्वय समिति मोरङले संचालन गरेको कार्यक्रम र सोको प्रतिवेदन :

- प्रत्येक महिना जि.स.स. पदाधिकारीहरुको नियमित बैठक बस्ने र समीक्षा हुने गरेको र आवश्यकता अनुसार समय-समयमा बैठक बस्ने गरेको,
- स्वास्थ्य, शिक्षा, कृषि, मानव अधिकार र वातावरण सम्बन्धी बिषयगत कार्यालयको समिक्षात्मक बैठक तथा गोष्ठी संचालन गरेको ।
- जिल्ला समन्वय समितिले सम्पादन गरेका कामको वार्षिक प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय पठाउने गरिएको ।

### १६. जिल्ला समन्वय समिति, मोरङले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली:

यस कार्यालयको सूचना हालसम्म वर्गिकरण नगरिएको ।

### १७. जिल्ला समन्वय समिति, मोरङमा परेका सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको विषयः

सूचनाको हकसम्बन्धी ऐन, २०६४ र सूचनाको हकसम्बन्धी नियमावली,२०६५ बमोजिम यस त्रैमासिकमा विभिन्न व्यक्तिहरुबाट मौखिक रुपमा सूचना माग गरे बमोजिम सूचनाहरु उपलब्ध गराईयो । लिखित रुपमा सूचना माग नभएको ।

### १८. जिल्ला समन्वय समिति, मोरङका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भए सोको विवरण:

जिल्ला समन्वय समितिका सबै गतिविधिहरु वेबसाईट, कार्यालयको फेसबुक र सूचना बोर्डमा नियमित रुपमा अद्यावधिक गरी सूचना प्रवाह गर्ने गरिएको छ ।

### जिल्ला समन्वय समिति मोरङ्गका पदाधिकारीज्यूहरुको सम्पर्क नम्बर सहितको विवरण

| क सं | नाम,थर | पद | सम्पर्क नम्बर |
|---|---|---|---|
| १. | श्री अजम्बर राई | जि.स.स. प्रमुख | ९८४२०५६९२० |
| २. | श्री उषा झा | जि.स.स. उप-प्रमुख | ९८४२०२६१३८ |
| ३. | श्री हरिमाया विश्वकर्मा | महिला सदस्य | ९८४२२२८४५१ |
| ४. | श्री उमा नेपाली | महिला सदस्य | ९८४२२००४७२ |
| ५. | श्री उर्वशी कुमारी थारू | महिला सदस्य | ९८१०४०५६०८ |
| ६. | श्री तुलसी प्रसाद घिमिरे | सदस्य | ९८४२१९६४६७ |
| ७. | श्री मित्र प्रसाद ढकाल | सदस्य | ९८५२०२३६२९ |
| ८. | श्री देवमणि कटुवाल | सदस्य | ९८४२०९३३२२ |
| ९. | श्री चन्द्र कुमार सरदार | सदस्य | ९८१५९०२५३७ |